# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### सुदूरपश्चिमम प्रदेश, नेपाल

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०७९/०८०
च.न. :

कोठा भाडा सम्वन्धि शिलवन्दी दरभाउपत्र आव्हानको सुचना
प्रथम पटक प्रकाशित मिती २०७९।११।२८ गते

यस धनगढी उप-महानगरपालीकाको स्वामीत्वमा पश्चिम तर्फ रहेको नया सपिङ कम्पलेक्सभवनको माथिल्लो तलामा जाने सिडीको तलको उत्तर पट्टिको कोठा न. १ र दक्षीण पट्टीको कोठा न. २ गरि जम्मा दुई साना कोठाहरुको शिलवन्दी दरभाउपत्रको माध्यमवाट वढावढ प्रक्रिया द्वारा भाडामा दिने निर्णय भएको हुदा ईच्छुक व्यक्ति (नेपाली नागरीक) संघ संस्थाहरुवाट देहायको शर्त भित्रको अधिनमा रही १५ दिन भित्र शिलवन्दी दरखास्त दिने गरी सम्वन्धित सवैको जानकारीका लागी यो सुचना प्रकाशित गरीएको छ।

**शर्तहरु:**

१. दरभाउपत्र फाराम दस्तुर रु.१०००/- (एक हजार मात्र) तिरी फाराम लिन सकिने छ र सो रकम फिर्ता हुने छैन।
२. घरको प्रति कोठाको न्युनतम मासिक भाडा रकम रु. दरभाउपत्र खरीद गर्दा फाराममा उल्लेख भए वमोजिम हुनेछ।
३. दरभाउपत्र फाराम यस उप-महानगरपालीकाको राजश्व शाखावाट प्रथम पटक सुचना प्रकाशित मिती वाट १५ दिन भित्र कार्यालय समयमा खरीद गर्न सकिने छ।
४. दरभाउपत्र खरीद गर्नु पर्ने अन्तिम मिती २०७९।१२।१२ गते कार्यालय समय भित्र खरीद गरी सक्नु पर्नेछ र सो दिन सार्वजनिक विदा भएमा कार्यालय खुलेको लगत्तै सो सम्वन्धि काम हुनेछ।
५. दरभाउपत्र दर्ता गर्नु पर्ने अन्तिम मिती २०७९।१२।१३ गते दिउसो १२.०० वजे भित्र रहनेछ र सो दरभाउपत्र सोही दिनको दिउसो २.०० खोलीने भएको हुदा दरभाउपत्र दाता वा निजले तोकेको व्यक्ति उपस्थित हुन पर्नेछ। साथै उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन। उक्त दिन सार्वजनिक विदा भएमा कार्यालय खुलेको लगत्तै सो सम्वन्धी काम हुनेछ।
६. कुनै पनि व्यक्ति वा संस्थाको दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ।
७. धरौटी खाता ध. उ.म.न.पा. कार्यालयको रा.वा. वैंक धनगढीमा रहेको न. ४१७०१००३०३००००२ मा नगदै वा दुई वर्षको हुन आउने जम्मा रकमको ५ प्रतिशत रकम जम्मा गरेको सक्कलै भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मिती वाट कम्तीमा १२० दिन म्याद भएको नेपाल सरकार वाट मान्यता प्राप्त वाणिज्य वैक वाट धनगढी उप-महानगरपालीकाको नाममा जारी गरीएको बैंक जमानत पेश गर्नु पर्नेछ।
८. दरभाउपत्र साथ घरभाडा लिन ईच्छुक व्यक्तिको हकमा नेपाली नागरीकता प्रमाणपत्रको प्रतिलिपी र संघ संस्थाको हकमा दर्ता प्रमाणपत्र, नविकरण पत्र, कर चुक्ता प्रमाणपत्र पेश गर्नु पर्नेछ।
९. वहालमा लिने व्यक्ति वा संस्थाले कोठा भाडाको सम्झौता गर्दा आफुले कवोल गरेको रकमको ६ महिना वरावरको हुन आउने रकम धरौटी वापत राख्नु पर्नेछ।
१०. कोठा भाडाको प्रथम पटकका लागी वढीमा दुई वर्षका लागी सम्झौता गरीनेछ। म्याद थप निर्णय बमोजिम हुनेछ।
११. हाल कायम रहेका कोठाको संरचना निर्माण तथा मर्मत सम्भार सम्वन्धित भाडामा वस्ने फर्म / व्यक्तिले नै गर्नु पर्नेछ
१२. अन्य कुनै थप जानकारी लिन चाहेमा यस कार्यालयको राजश्व शाखावाट कार्यालय समय भित्र वुझन सकिने छ।
१३. कोठा भाडा लिन चाहने ईच्छुक व्यक्ति / फर्म / संघ संस्थाले कारोवार संचालन गर्दा होटल,रेष्टुरेन्ट वार, डान्स वार, माछा माशु, अण्डा जन्य, स्वास्थ्य संस्था, टयुसन र कोचिङ सेन्टर र ध्वनी उत्पन्न हुने कुनै पनि व्यवसाय संचालन गर्न पाईने छैन।
१४. यस; सुचनामा उल्लेख नभएका कुरा प्रचलित ऐन कानून बमोजिम हुने छ।

.................................
रामलाल श्रेष्ठ
(प्रमुख प्रशासकिय अधिकृत)

रामलाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
(रा.प.प्रथम श्रेणी)